१७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ३१५ ॥ २०८२ माघ ०४ गते आईतबार (18th Jan 2026 Sunday) Pratidin National Daily मूल्य-रु.५/-


# देउवा समूहका कार्यकर्ताहरुले छोड्छन् जिल्ला पार्टी कार्यालय ?

झापा, माघ ३ । नेपाली कांग्रेस झापाको जिल्ला समितिलाई हेर्दा प्रायः सबै पदाधिकारीसहित अधिकांश जिल्ला सदस्यहरु निवर्तमान सभापति शेरबहादुर देउवा समूहका छन् । निर्वाचन आयोगले गगन थापालाई कांग्रेसको सभापतिको मान्यता दिइसकेको छ । यो अबस्थामा देउवा समूहका जिल्ला तहका नेता कार्यकर्ताहरु अन्यौलमा छन् । अब के गर्ने ? गगन थापालाई सभापति स्वीकार गर्ने कि देउवाको पछि लाग्ने ?

जिल्ला समिति झापालाई हेर्ने हो भने सबै पदाधिकारीहरु देउवा समूहका छन् । जिल्ला सभापति देउकुमार थेबे , उपसभापतिहरु केशव पाण्डे र शेरबहादुर भट्टराई , सचिव नविन बिमली र कृष्ण हुमागाँई , सहसचिव कालेन्द्र राजवंशी र कमल भण्डारी तथा कोषाध्यक्षमा जलकुमार गुरुङ सबैजना देउवा समूहका हुन् । कांग्रेसका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाको गृहजिल्ला झापामा उनकै समर्थकहरु बढी छन् । करिव २ सय सदस्यीय जिल्ला समितिमा अधिकांश देउवा समूह( यसअघिको संस्थापन समूह) का छन् । त्यस्तै क्षेत्रीय सभापतिहरुलाई हेर्ने हो भने क्षेत्र नं ३ का गणेश पोखरेलबाहेक सबै आधिकारिक गगन थापा समूहका छन् । क्षेत्र नं १ का इन्द्रबहादुर बुढाथोकी , २ का खगेन्द्र मैनाली , ४ का जयनारायण शाह र ५ का ढुण्डीराज भण्डारीले विशेष महाधिवेशनमा भाग लिएका थिए। आधिकारिक मान्यता पाएका थापालाई सभापति स्वीकार्ने वा पार्टी कार्यालय छोड्ने भन्ने सवालमा एकजना कार्यकर्ताले त्यस विषयमा अन्यौल रहेको बताए । उनले जिल्ला तहका कार्यकर्ताहरुले आधिकारिक कांग्रेस पार्टीलाई नै स्वीकार गर्ने प्रतिक्रिया दिएका छन् ।



उता नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई निर्वाचन आयोगले शुक्रबार मान्यता दियो । महाधिवेशनबाट गरिएका निर्णयहरूलाई संविधान, कानुन तथा पार्टी विधानअनुसार मान्यता दिँदै आयोगले अद्यावधिक गरिसकेको सन्दर्भमा गगन थापा सभापति रहेको कांग्रेसको पहिलो बैठक भने पार्टी केन्द्रीय कार्यालयमा बसेन । उनीहरुको शनिबारको बैठक नयाँ बानेश्वरस्थित अर्पण बैंक्वेटमा बस्यो ।

निवर्तमान सभापति शेरबहादुर देउवा समूहको बैठक भने लगातार ललितपुरको सानेपास्थित केन्द्रीय कार्यालयमै हुँदै आएको छ ।

गगन थापा समूहका नेताहरूले पार्टी कार्यालय मर्मतको क्रममा रहेकाले आफूहरू केन्द्रीय कार्यालयमा बैठक बस्न नसकेको बताए ।

'जेन-जी प्रदर्शनपछि भवनहरू जलेका छन् । बैठक बस्ने उपयुक्त स्थान पनि छैन । अहिले मर्मतको काम चलिरहेको छ,' सह-महामन्त्री प्रकाश रसाइली 'स्नेही'ले भने, 'अर्को समूह आवेश र उत्तेजनामा पनि देखिएको छ । भवन निर्माण र मर्मतको प्रक्रियामा छ । काम सकिएपछि हामी पनि केन्द्रीय कार्यालय जान्छौं । हामी एकता र मित्रता खोजिरहेका छौं ।'

रसाइलीले 'निवर्तमान सभापति शेरबहादुर देउवाले गगन थापालाई हात समाएर केन्द्रीय कार्यालयको अध्यक्षको कुर्सीमा राख्दिनु हुन्छ भन्ने चाहना' समेत आफूहरुमा रहेको बताए ।

निर्वाचन आयोगको फैसलापछि देउवा समूह अदालत जाने तयारीमा देखिएको छ भने उनीनिकट व्यक्तिहरू पार्टी कार्यालयको सुरक्षामा खटिएका छन् ।

# काँग्रेसद्वारा झापा-१ मा पाँच नयाँ नाम सिफारिस

झापा, माघ ३ । नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेपछि झापा निर्वाचन क्षेत्र नं १ मा नयाँ नाम सिफारिस गरिएको छ।

कांग्रेस क्षेत्र नं १, क्षेत्रीय समितिको शनिवार बसेको बैठकले पाँच जनाको नाम केन्द्रीय समितिमा सिफारिस गरेको क्षेत्रीय सभापति इन्द्र बुढाथोकीले जानकारी दिएका छन्।



सिफारिस हुने व्यक्तिहरूमा अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष पंकजविक्रम नेम्वाङ, अधिवक्ता अशोककुमार पोखरेल, बिना तामाङ, गौतम मजुमदार र सुवेशकुमार पनेरू रहेका छन्। पार्टीका तत्कालीन महामन्त्री एवम् वर्तमान उपसभापति विश्वप्रकाश शर्मा विसं २०७९ को निर्वाचनमा यसै क्षेत्रबाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए।

गत महिना पार्टी क्षेत्रीय समितिले शर्माको एकल नाम उम्मेदवारका रूपमा सिफारिस गरेको थियो। तर, शर्माले यसपटक उम्मेदवार नबन्ने घोषणा गरेपछि पुनः नयाँ नाम सिफारिस गरिएको क्षेत्रीय सभापति बुढाथोकीले स्पष्ट पारेका छन्।

# शेखर कोइराला समूह कांग्रेसबाटै चुनाव लड्ने

झापा । नेपाली कांग्रेसका नेता शेखर कोइराला समूह अबदेखि निवर्तमान सभापति शेरबहादुर देउवा समूहले राख्ने बैठकमा सहभागी नहुने भएको छ।

निर्वाचन आयोगले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता दिएपछि निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्काले केन्द्रीय कार्यालय सानेपामा शनिवार राखेको बैठकमा सहभागी नेता कोइरालासहित उनीनिकट केन्द्रीय सदस्यहरूले अबदेखि आफूहरू यस्तो छलफलमा सहभागी नहुने कुरा जानकारी गराएका हुन्।

विघटित केन्द्रीय समिति बैठकमा सहभागी हुनुअघि नेता कोइरालाले सम्पर्क कार्यालय विशालनगरमा आफूनिकट नेताहरूसँग छलफल गरेका थिए।

उक्त छलफलमा कोइरालानिकट नेताहरूले पार्टीलाई एकताबद्ध बनाउन भूमिका खेल्नुपर्ने र चुनावमा पनि भाग लिनुपर्ने निष्कर्ष निकालेका थिए।

यही निष्कर्ष नेता कोइरालाले सानेपामा बसेको विघटित केन्द्रीय समिति बैठकमा प्रष्टसँग राखेको उनीनिकट एक निवर्तमान केन्द्रीय सदस्यले जानकारी दिए।

'निर्वाचन आयोगले मान्यता दिइसकेको अवस्था छ, यो सडक आन्दोलनतिर नलगौं,' कोइरालाले बैठकमा भनेका कुरा उद्धृत गर्दै निवर्तमान केन्द्रीय सदस्य गोविन्दराज पोखरेलले भने, 'निर्वाचन आयोगले तपाईंहरू अदालत जान सक्नुहुन्छ भनेकोले अदालत जान सकियो। तर आन्दोलनतिर नलागौं, चुनावतिर लागौं भनेर उहाँले भन्नुभएको छ।'

नेता कोइरालाले माघ ११ को राष्ट्रिय सभा र फागुन २१ को प्रतिनिधि सभा निर्वाचन सफल पार्नुपर्ने कुरा सानेपा बैठकमा राखेका थिए। 'नेता कोइरालाले आन्दोलनमा जान हुन्न भन्ने कुरा राखेपछि अदालतमा जाने भन्ने निर्णय मात्रै भयो,' उनले भने।

विघटित केन्द्रीय समिति बैठकमा सहभागी भएर कुरा राखे पनि नेता कोइरालासहित उनी पक्षका अधिकांश केन्द्रीय सदस्यले निर्णय/उपस्थिति पुस्तिकामा हस्ताक्षर गरेका थिएनन्।

'म अहिले केन्द्रीय सदस्य छैन भनेर बैठकको निर्णय पुस्तिकामा हस्ताक्षर पनि गरिनँ, ' उनले भने।

कोइरालानिकट एक निवर्तमान केन्द्रीय सदस्यका अनुसार कोइरालानिकट धेरै विघटित केन्द्रीय सदस्यहरू अबदेखि देउवा समूहले राख्ने छलफलमा सहभागी हुने छैनन्।

'हामी अब यस्ता खालका छलफलमा सहभागी हुँदैनौं भनेका छौं, यस्ता छलफलमा सहभागी नहुने पक्षमा धेरै साथीहरू हुनुहुन्छ। हामी निवर्तमान भइसकेकोले केन्द्रीय समिति बैठक राख्न हुन्न र जान हुन्न भन्ने हो,' ती नेताले भने।

कोइरालानिकट कतिपय नेता भने अदालतले निर्णय नगर्दासम्म यस्ता छलफलमा सहभागी हुनुपर्ने पक्षमा छन्।

'कानुनी पाटो अदालतलाई छाडेर निर्वाचनमा जाऔं भन्नेमा हामी छौं,' ती नेताले भने, 'यसमा पनि धेरै विचार छन्। कतिपय साथीहरू अदालतले निर्णय नदिँदासम्म छलफल गरौं भन्नेमा हुनुहुन्छ।'

कोइरालानिकट निवर्तमान केन्द्रीय सदस्य गोविन्दराज पोखरेलले पनि आफू निवर्तमान केन्द्रीय सदस्य भइसकेकोले अब यस्तो बैठकमा नआउने बताएका थिए।

निवर्तमान सभापति देउवा पक्षका नेताहरू भने निर्वाचन आयोगको निर्णयविरूद्ध कानुनी र राजनीतिक लडाइँ लड्नुपर्ने पक्षमा छन्। चुनाव लड्न छाडेर सडक आन्दोलनमा जानुपर्ने भनाइ पनि कतिपयको छ।

तर नेता कोइरालाले चुनाव लड्ने वा नलड्ने भन्ने कुरा व्यक्तिलाई स्वतन्त्र रूपमा छाड्नुपर्नेमा छन्।

'निर्वाचनमा जाने वा नजाने व्यक्तिगत इच्छा र चाहनाको कुरा हो भन्ने भयो, कतिपय साथीहरू चुनावमै नजाऊँ भन्ने पनि छ,' उनले भने, 'कतिले भने अदालतले भनेपछि यस्तो निर्णय लिनुपर्छ भन्नेमा हुनुहुन्छ।'

# झापामा युथ भोलिन्टियर फोर्स घोषणा

झापा , माघ ३ । निर्वाचन नजिकिँदै गर्दा झापामा नेकपा एमालेले युथ भोलिन्टियर फोर्स घोषणा गरेको छ । बिर्तामोडका विकास गिरीको नेतृत्वमा ६२ सदस्यीय फोर्स घोषणा गरिएको हो ।

युथ भोलिन्टियर फोर्स झापाको जिल्ला कमाण्डरमा विकास गिरी, सहायक कमाण्डरहरुमा भानु सुब्बा र बाबु लिम्बुसहितको जिल्ला फोर्स घोषणा गरिएको हो । युथ भोलिन्टियर फोर्सले पहिलो जिल्ला नेतृत्व घोषणा गरेको हो । युथ भोलिन्टियर फोर्सका केन्द्रीय कमाण्डर श्रेष्ठले उनीहरुलाई सपथ ग्रहण गराएका छन् ।

युथ भोलिन्टियर फोर्स झापा घोषणा कार्यक्रमका प्रमुख अतिथि श्रेष्ठले नेपाली जनताको सुरक्षाका लागि देशभर संगठन विस्तार गर्ने जानकारी दिए । उनले झापामा पहिलो पटक जिल्ला फोर्स घोषणा गरेको बताउँदै देशभित्र भइरहेका विदेशी चलखेलविरुद्ध युवाहरु एक हुन आह्वान गरेका छन् । प्रमुख अतिथि श्रेष्ठले देश जलाउने र बनाउनेबीचको भिन्नता छुट्याएर अघि बढ्न युवाहरुलाई आग्रह गरे । नेकपा एमालेलाई देशको निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्न निर्वाचनमा बहुमत ल्याउने उनको धारणा थियो ।



विदेशी चलखेलबाट देशको रक्षाका लागि युथ भोलिन्टियर फोर्स सतिसाल झैं उभिने बताए । घोषणा कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य झापा संयोजक रोमनाथ ओली, युथ भोलिन्टियर फोर्सका केन्द्रीय सदस्य राजकुमार थापा, एमाले झापाका उपाध्यक्ष शिव ढुङ्गेललगायतले मन्तव्य राखेका थिए । युथ भोलिन्टियर फोर्स जिल्लाको टोल-टोलमा सुरक्षा दस्ताका रुपमा गठन गर्दै जाने झापाका कमाण्डर विकास गिरीले जानकारी दिए । युथ भोलिन्टियर फोर्सको सयोजकमा विकास गिरी ,सहसयोजक भानु सुब्बा,बाबू लिम्बू तथा सदस्यहरुमा सुनिल राजवंशी,इन्जो शेर्पा,सन्तोष श्रेष्ठ ,सेनिहाङ लिम्बू ,भक्त लामिछाने ,सुशील थेवे ,सन्तोष कार्की,नविन भण्डारी ,सानु लिम्बू ,समिर पोखरेल ,टिका हास्दा ,मनोज मितल ,दिपक कार्की ,निरज बस्नेत ,कुमार लिम्बू ,प्रकाश शर्मा ,न्युचन कार्की ,अशोक सुब्बा ,मानबहादुर तामाङ ,कुमार ओली ,रमेश गौतम ,बिष्णु बाराकोटी,दिप राई ,मिलन धिमाल ,दिपकुमार लाप्चा ,भिमकुमार शर्मा ,नन्दकिशोर राजवंशी रहेका छन् ।

त्यस्तै सदस्यहरुमा अरुण सेन्चुरी ,फुर्व राजवंशी ,किरण मैनाली ,सुमन खवास ,निलम उप्रेती बादल ,प्रकाश चौधरी ,देवराज खतिवडा ,रिक्त नेम्वाङ ,बिजय तामाङ ,माधव थारु ,जनम चाम्लिङ , प्रकाश खडका ,अपिल गड्तौला ,अनुप केसी ,बिबेक आलम ,सन्दिप राई ,राजकुमार भुजेल ,मदन तामाङ ,प्रवेश राई ,निशा लामा ,निश्कर्ष रिजाल ,भुषन भण्डारी ,बिष्णु लिम्बू ,देव प्रसाई ,हेम गुरुङ ,सन्जय नेम्वाङ ,श्याम घिमिरे ,डिल्ली घिमिरे र प्रेम घिमिरे रहेका छन् ।

# नेकपा झापाका संयोजक राजु आचार्यद्वारा पार्टी परित्याग

झापा, माघ ३ । नेपाली कम्युनिस्ट पार्टीका झापा संयोजक राजु आचार्य 'अग्नि'ले पार्टी परित्यागको घोषणा गरेका छन्।

लामो समयदेखि पार्टीमा सक्रिय रहँदै आएका नेता आचार्यले सामाजिक सञ्जाल फेसबुकमा एक स्टाटस लेख्दै २७ वर्ष लामो राजनीतिक यात्रा टुङ्गिएको जानकारी दिएका हुन्।

आचार्यले फेसबुकमा लेखेका छन्, "प्रचण्डको पार्टी आजको मितिबाट मैले छोडेको जानकारी गराउँछु। २७ वर्षको यो पार्टीसँगको यात्रा आजबाट अन्त्य भएको छ, अबको जीवन स्वतन्त्र नागरिकको हैसियतमा अगाडि बढ्नेछ।"

पार्टीभित्र जिल्ला प्रभाव जमाएका आचार्यको बहिर्गमनले पार्टीलाई हानी हुने पार्टीका नेताहरूले बताएका छन्।

पार्टी छोड्नुको मुख्य कारण उम्मेदवार छनोट र टिकट वितरणमा देखिएको असन्तुष्टि रहेको उनले स्पष्ट पारेका छन्। उनले स्थानीय स्तरबाट धेरै मेहेनत गरेर जित्ने सम्भावना भएका उम्मेदवारहरूको नाम सिफारिस गरिए पनि पार्टीले त्यसलाई बेवास्ता गरेको आरोप लगाए।

"हामीले सिफारिस गरेका उम्मेदवारहरू छाडेर पार्टीले अन्यत्रका मान्छेलाई उम्मेदवार बनाएर पठाउन थालेपछि आत्मसम्मानले पार्टीमा बस्न दिएन" उनले भने।

आचार्यले स्वाभिमान र आत्मसम्मान गुमाएर पार्टीमा बसिरहनुको कुनै औचित्य नरहेको भन्दै नेतृत्वप्रति कडा असन्तुष्टि पोखेका छन्।

जिल्ला तहमा उम्मेदवार सिफारिस गर्दा स्थानीय भावना र आवश्यकतालाई लत्याइएको उनको ठहर छ। उनले भने, "मलाई टिकट दिइएन भनेर होइन। तर झापाको भूगोल बुझेको मान्छे उम्मेदवार बनाउनुपर्छ भन्ने मेरो कुरा हो।"

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले कोशी प्रदेशमा ९ जनाको उम्मेद्वारी टुंगो लगाएको छ । जसमध्ये कतिपयलाई टिकट वितरण गरिसकेको छ । नेकपाका नेता हरिबोल गजुरेल शितलकुमारका अनुसार झापा ५ मा रञ्जित तामाङ, भोजपुरमा अजम्बर काङमाङ राई, ताप्लेजुङमा खेलप्रसाद बुढाथोकी र पाँचथरमा हर्कबहादुर नेम्वाङ (मिक्सो)को नाम टुंगिएको छ । उनीहरुलाई पार्टी अध्यक्ष प्रचण्डले टिकट हस्तान्तरण गरिसकेका छन् । यस्तै नेकपाले सुनसरी १ मा मनोज भट्टराई, मोरङ ४ मा अमनलाल मोदी, मोरङ ५ मा शिवकुमार मण्डल र मोरङ ३ मा डाक्टर देउमान सम्बाहाम्फेको नाममा अन्तिम टुंगो लगाएको छ । टिकट वितरणको काम भने आइतबार दिनभरमा सकिने गजुरेलको भनाइ छ । यस्तै झापा १ मा अशेष घिमिरेको नाम नेकपाले टुंग्याएको छ ।

# कांग्रेस सभापति थापा र झापा गोल्डकपको टोलीबीच भेटघाट



बिर्तामोड, माघ ३ । नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगन थापा झापा गोल्डकपको प्रतिनिधि मण्डलबीच भेटघाट भएको छ । आसन्न सातौँ झापा गोल्डकपका सन्दर्भमा भेटघाट भएको हो ।

गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेल नेतृत्वको टोलीले शनिवार बिहान सभापति थापासँग भेटघाट गरेको हो । झापा गोल्डकपलाई विभिन्न पक्षमा सहयोग गर्न सभापति थापाले प्रतिबद्धता जनाएको पौडेलले बताए ।

प्रतियोगिता सफल बनाउन तथा प्रतियोगिताको तयारीका बारेमा कुराकानी भएको छ । गोल्डकप अध्यक्ष केदार गिरीको टिमले यसअघि पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पनि भेटघाट गरेको थियो ।

झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा यही माघ २४ गतेदेखि फागन ४ गतेसम्म हुन गइरहेको झापा गोल्ड कपको स्वर्गीय 'विनोद बस्नेत स्मृति' सातौँ संस्करण फुटबल प्रतियोगिताका सन्दर्भमा कुराकानी गर्न सभापति थापासँग भेटघाट गरिएको हो ।

झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष पौडेल, कार्यसमिति सदस्य मदन खड्का, राजु घिमिरे, सञ्जीव घिमिरे लगायतको टोलीले थापासँग काठमाडौँमा भेटघाट गरेको हो ।

# झापा गोल्डकपको नयाँ सदस्यता १०० नाघ्यो

बिर्तामोड, माघ ३ । सातौँ संस्करणको झापा गोल्डकप अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिताका लागि नयाँ सदस्यता लिनेको संख्या एक सय नाघेको छ ।

निवर्तमान अध्यक्ष विनोद बस्नेतको स्मृतिमा हुने सातौँ संस्करणमा हिजोसम्म एक सयजना नयाँ सदस्य थप भएको गोल्डकपका अध्यक्ष केदार गिरीले जानकारी दिए । यही माघ २४ गतेदेखि झापाको बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा हुने प्रतियोगिताका लागि सदस्य बन्न उत्साहजनक सहभागिता भइरहेको गिरीले बताए ।

गोल्डकपले पुषबाट सुरु गरेको सदस्यता अभियानअन्तर्गत पुरुषले १५ हजार र महिलाले ११ हजार रुपैयाँ शुल्क तिरेर सदस्य बन्नेको संख्या एक सय नाघेको हो । गोल्डकपको सदस्य बन्न झापासहित देशभर र विदेशमा रहेका नेपालीले पनि इच्छा देखाएका छन् ।

दीर्घकालीन रुपमा गोल्डकपलाई अघि बढाउन नयाँ सदस्यता थप गरिएको हो । सदस्यलाई प्रतियोगितामा विशेष सुविधा दिने तयारी गरिएको गोल्डकपका कोषाध्यक्ष चन्द्रमणि कट्टेलले जानकारी दिए ।

१५ लाख रुपैयाँ पुरस्कार राशिको यो प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ । उपविजेताले नगद आठ लाख रुपैयाँ पाउनेछ ।

प्रतियोगितामा नेपालका तीन विभागीय, झापा ११, भारत, भुटान र मलेसियाका एक-एक टिम र तीनवटा नेपाल ए डिभिजन क्लबको सहभागिता रहने अध्यक्ष गिरीले बताए ।

# झापामा ५ हजार ४७९ जनाले निर्वाचन प्रहरीमा दिए आवेदन

झापा, माघ ३ । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सुरक्षाका लागि झापामा ५ हजार ४७९ जनाले निर्वाचन प्रहरीका लागि आवेदन फाराम भरेका छन्। नेपाल प्रहरीमा ४ हजार ३०८ र सशस्त्र प्रहरीमा ४८९ जना गरी ४ हजार ७९७ जना निर्वाचन प्रहरीको कोटा रहेकोमा यस पटक ६८२ जनाको माग भन्दा बढी आवेदन परेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्रबहादुर खड्काले जानकारी दिए।



नेपाल प्रहरीमा ५ हजार २०१ र सशस्त्रमा २७८ जनाले आवेदन फाराम भरेका थिए। आवेदन दिनेमा महिला १ हजार ५२९ र पुरुष ३ हजार ९८३ जना रहेका छन्। जिल्लामा अघिल्लो निर्वाचनहरूको तुलनामा यस पटक आवेदन दिनेको संख्यामा कमी आएको छ। पहिलो चरणमा आवेदन दिनेहरूमध्ये छनोटमा परेकाहरूको नामावली माघ ४ गते प्रकाशन गरिने डीएसपी खड्काले बताए। त्यसपछि दोस्रो चरणमा छनोटमा परेकाहरूको स्वास्थ्य तथा शारीरिक परीक्षण गराउने र तेस्रो चरणमा लिखित परीक्षा लिएर त्यसपछि मात्र अन्तिम नामावली प्रकाशन गरिने उनले बताए।

२०७९ वैशाख ३० गतेको स्थानीय तह निर्वाचनको लागि झापामा २ हजार ७ सय ६४ म्यादी प्रहरी माग संख्या रहेकोमा ८ हजार ४३९ जनाले आवेदन फारम भरेका थिए । त्यस बेला झन्डै चार गुणा बढीले आवेदन दिएका थिए । त्यस्तै २०७९ मंसिर ४ गतेको प्रतिनिधि सभा सदस्य निर्वाचनमा ६ हजार ९५८ जनाले दरखास्त दिएकोमा ३४९० जना उत्तीर्ण भएका थिए। २०७४ मंसिर २१ गते भएको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन सुरक्षाका लागि झापामा ७ हजार ९ सय जनाले आवेदन फाराम भरेकोमा २ हजार ७५५ जना म्यादी प्रहरी छनोट भएका थिए । यो तथ्याङ्क अनुसार यस पटकको निर्वाचन प्रहरीको जागिर खान युवायुवतीहरू त्यति इच्छुक देखिएनन् ।

डीएसपी खडका भन्छन्, 'अघिल्लो वर्षहरूको तुलनामा यस पटक कम आवेदन परेको हो।' आवेदन फाराम कम परेपछि दुई दिन म्याद पनि थपिएको उनको भनाई छ। निर्वाचन प्रहरीले नेपाल प्रहरी जवानको सुरुको तलब स्केलसरह प्रतिदिन आठ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनसम्मका लागि ३४ हजार ७७६ पाउनेछन्। निर्वाचनको क्रममा खटिने निर्वाचन प्रहरीलाई खटिएको ठाउँमा आउने र जाने तयार ीस्वरुप एक पटकको लागि एकमुष्ट ८ सय ४६ का दरले तयारी खर्च उपलब्ध गराइनेछ र प्रतिदिन प्रतिनिर्वाचन प्रहरीलाई तीन सयको दरले चार दिनका लागि एकमुष्ट एक हजार २०० रुपैयाँ खाजा खर्च उपलब्ध गराइनेछ।

# वीरता लेडी जेसीजकी निर्वाचित अध्यक्ष ढुंगेलविरुद्ध उजुरी

झापा, माघ ३ । राजनीतिकरणका कारण वीरता लेडी जेसीजको यस वर्षको अधिवेशन पनि विवादित बनेको छ ।

वीरता लेडी जेसीज वर्ष २०२६ का लागि नवनिर्वाचित मुना अधिकारी ढुंगेलविरुद्ध नेपाल जेसीजमा प्रोटेस्ट परेको हो । अध्यक्ष बनेकी ढुंगेल उम्मेद्वार बन्न मापदण्ड नपुगेको भन्दै उनीविरुद्ध नेपाल जेसीजमा प्रोटेस्ट परेको हो । नेपाल जेसीजको विधान अनुसार ढुंगेलको मापदण्ड नपुगेको हो । ५ वर्ष वा सो भन्दा पुरानो शाखामा शाखा अध्यक्ष हुनको लागि कम्तिमा पनि २ वर्ष शाखाको संचालक समितिको पदाधिकारीको रुपमा रहिसकेको हुनु पर्नेछ । त्यसमध्ये न्यूनतम १ कार्यकाल निर्वाचित हुनु पर्नेछ । साथै कम्तिमा नेपाल जेसीजको चारवटा क्षेत्रीय सम्मेलन र तीनवटा महाधिवेशनमा सहभागी भएको हुनु पर्नेछ । यो व्यवस्था हरेक शाखाको विधानमा समावेश हुनु पर्नेछ । त्यो मापदण्ड ढुंगेलको नपुगेको बताइएको छ । गत वर्षजस्तै यस वर्ष पनि जालझेल गरी अध्यक्ष बन्न बंचित गराइएकी झुमा चुडालले प्रोटेस्ट हालेकी हुन् ।

गत वर्ष सन् २०२५ मा निशा शाक्यलाई अध्यक्षमा चयन गर्न गर्दा यस वर्ष सन् २०२६ मा झुमालाई अध्यक्ष बनाउने सहमति भएको थियो । तर त्यस सहमतिलाई उल्लंघन गर्दै आफूलाई अध्यक्ष बन्न बंचित गराएको झुमाले बताइन् । अहिले उमेर सीमाका कारण उम्मेदवार दिएमा अरुले दावी विरोध गर्ने भन्दै झुमालाई उम्मेद्वारी दिन रोक लगाइएको थियो । वीरता लेडी जेसीजमा विवाद अहिले मात्र होइन । अघिल्लो बर्ष सहमति र सहकार्यबाट निशा शाक्य बर्ष २०२५ र बर्ष २०२६ मा झुमा चुडाल भनेर अहिले उमेर सीमाका कारण उम्मेदवार दिएमा दावी विरोध दिने भनेपछि झुमा उम्मेदवार तालिम र ककसमा सहभागी भइनन् । तर अर्का उम्मेदवारको मापदण्ड



नपुगेको विषयमा दावी विरोध दिन खोज्दा राष्ट्रिय उपाध्यक्ष समेत रहेकी मेनुका ओलीले ठाडो अस्वीकार गर्दै 'म नेपाल जेसीज जान्दिनँ 'भन्दै दावी विरोधसम्म लिन नमानेको आरोप रहेको छ । विधि र पदको अवमूल्यन गरेर राष्ट्रिय उपाध्यक्ष ओलीले नेपाल जेसीजको विधानसम्मत काम नगर्दा चौतर्फी आलोचना भएको छ ।

गत पुष २६ गते भएको अधिवेशनले वर्ष २०२६ का लागि कार्यसमितिमा अध्यक्षमा मुना अधिकारी ढुंगेल, कार्यकारिणी उपाध्यक्षमा अस्मिता राई कुरुम्बाङ र कविता ओली मैनाली, कानुनी सल्लाहकारमा कोपिला पोखरेल, महासचिवमा चन्द्रकला रिजाल भट्टराई र कोषाध्यक्षमा एलिना रिजाललाई चयन गरेको थियो । त्यस्तै उपाध्यक्षहरूमा पार्वता श्रेष्ठ, तारा रिजाल, निकिता अग्रवाल र दिक्षा कडरिया, सह-सचिवमा तारा बस्नेत, जनसम्पर्क अधिकारीमा हेलेन खरेल, शाखा सम्पादकमा भावना बस्नेत तथा तालिम आयुक्तमा अञ्जली शाहलाई चयन गरेको थियो । अघिल्लो दिन भएको अधिवेशनबाट निर्वाचित कार्यसमिति भोलिपल्ट पुष २७ गते मात्र घोषणा गरिएको थियो । प्रोटेस्ट परिरहँदा कोही पनि अतिथि नबोलाई माघ १ गते सपथ ग्रहण गराइएको थियो ।

पूर्व अध्यक्ष तथा सदस्यहरुलाई समेत थाहा नदिई गुपचुप रुपमा गराइएको सपथ ग्रहण कार्यक्रमप्रति धेरैले आलोचना गरेका छन् । वीरता लेडी जेसीजको कार्यक्रमप्रति सोमा शिवाकोटीले कडा प्रतिक्रिया दिएकी छन् । उनले सामाजिक संजालमा लेखेकी छन् ,'विधि र विधान मान्ने संस्थामा पनि थाहै नपाई चेन हस्तान्तरण भयो रे दुई चार जनाको उपस्थितिमा सचिवालयमा भन्ने सुन्नमा आयो। लाज पनि आफै लजायो होला यो देखेर यस्तो पनि दिन आएछ है आफैलाई लाज लाग्यो यो देखेर त झन्। '

त्यस्तै पूर्व अध्यक्ष रजनी थपलिया बजगाईंले कमेन्टमा लेखेकी छन् , 'म पनि निर्वाचन मण्डलीमै बसेको थिएँ। सबैलाई अबिर लगाएर बधाई शुभकामना दिएरै आएको थिएँ। जे जस्तो परिस्थितिमा पनि समिति तयार भएकै हो यो समितिको कार्यकाल सफल रहोस् भन्ने सोचेर यसबारेमा नेगेटिभ टिका टिप्पणी नगर्नु नै भन्ने सोचमा हो म पनि तर यसरी रातारात पद हस्तान्तरणको ब्यानर बनाई अविर फुलमाला तयारीका साथ कार्यक्रम हुँदा पनि हामी पूर्व अध्यक्षहरूलाई किन सही ढङ्गले खबर गरिएन यसरी चुपचाप सचिवालयको सानो कोठामा सदस्यहरूलाई पनि नबोलाईकन पदमा बस्ने जति मात्र भेला भएर पद हस्तान्तरण कार्यक्रम गर्नुपर्ने अवस्था किन भयो यो कुरोको जानकारी छलफल संस्थापकज्यू सहित हामी पूर्व अध्यक्षहरूले बसेर गर्ने पर्ने हुन्छ है राधा दिदी ..'


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।


# इप्रका दमकबाट लुटिएको हतियार गाडेको अबस्थामा बरामद

झापा, माघ २ । जेनजी आन्दोलनका क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटिएको थप एक थान हतियार बरामद भएको छ। शुक्रवार बिहान दमक १ सुकुम्बासी बस्ती बस्ने डेकबहादुर थापाको घरभित्रबाट एक थान सर्टगन फेला परेको हो । थापाको घरभित्र हातहतियार लुकाइ राखेको भन्ने गोप्य सूचनाको आधारमा इप्रका दमकबाट प्रहरी नायव उपरीक्षक किशोर लम्सालको कमाण्डमा प्रहरी टोली खटिएर थापा बस्ने गरेको जस्ताको बेराले बनेको जस्ताको छानो भएको टहराभित्र खानतलासी गरेको थियो । त्यसक्रममा बटको भागमा १३२०४४७ नम्बर लेखिएको सर्टगनको बटको भाग थान-१ बेसाबुत हतियारको पार्टपुर्जा सोही टहराको भुइँमा बालुवाले पुरी राखेको अवस्थामा फेला परेको थियो ।



उक्त हतियार भदौ २४ गतेको जेनजी आन्दोलनको क्रममा इलाका प्रहरी कार्यालय दमकबाट लुटेर लगेको अभिलेखबाट देखिएको छ । उक्त हातहतियारको पार्टपूर्जा कानून बमोजिम बरामद गरी सुरक्षित साथ इप्रका दमकमा राखिएको छ । घरधनी थापाको खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जेनजी आन्दोलनमा जिल्लाका प्रहरी कार्यालयहरुबाट लुटिएका १५ थान हतियार


## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क
९८५२६४०४०५
9852640405

## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलब्ध छ ।

डा. टंकप्रसाद बाराकोटी
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड



## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

**१. हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

**२. तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

**३. भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

**४. बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

**५. आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

**६. लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

**७ सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔँ, दुर्घटनाबाट जोगिऔँ।



## श्री माँ लक्ष्मी वचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड–४, झापा

### सत्रौं वार्षिक साधारण सभा सम्वन्धी सूचना

प्रकाशित मिति २०८२/१०/०३

यस माँ लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०८२/०९/२७ गते आइतबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार निम्न लिखित मिति, समय र स्थानमा यस संस्थाको १७ औं वार्षिक साधारण सभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि पत्राचार गरिएको छ। केही कारणवश पत्र प्राप्त नभएमा यसै पत्रलाई आधार मानी साधारण सभामा प्रतिनिधित्व गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

**साधारण सभा शुरु हुने समय र स्थानः २०८२/११/०४ गते सोमबार/ अतिथि सदन, बिर्तामोड** (**बिहान १०:३० बजेबाट**)

**साधारण सभामा छलफल हुने विषयहरुः**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा
२) संस्थाको आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने सम्बन्धमा
३) संस्थाको आ.व. २०८१/०८२ को लेखा समितिको प्रतिवेदन प्रस्तुत एवं छलफल गरी पारित गर्ने सम्बन्धमा
४) संस्थाको आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक तय गर्ने सम्बन्धमा
५) संस्थाको विनियम संशोधन/पुनःलेखन, नीति तथा कार्यविधि संशोधन/पुनःलेखन, वार्षिक कार्यक्रम तथा बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा
६) सहकारी संस्थासँग एकीकरण (मर्ज) गर्ने सम्बन्धमा
७) आ.व. २०८०/०८१ को साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णयको लागि संचालक समिति तथा लागि शेयर सदस्य प्रतिनिधि चयन गर्ने सम्बन्धमा
१०) विविध

नोट : यस संस्थाका शेयर सदस्यका छोरा/छोरीमध्ये एसईईमा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने निजी तथा सरकारी विद्यालयबाट एक/एक जना छात्र/छात्रालाई साधारण सभाको दिन सम्मान गरिने भएको हुँदा विद्यार्थीको लब्धांकपत्र र निवेदनसहित संस्थामा २०८२/१०/२५ गतेसम्म सम्पर्क गर्न अनुरोध गरिन्छ।

**देवेन्द्र कुमार सिंह**
**अध्यक्ष**
**फोन – ०२३–५३२२३२**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## मेरी आमा र म



• उर्मिला कोइराला

यौवनमै चाउरिएको अनुहार
र कर्लेटी परेका ओठहरू भिजाउँदै
चिहाउँथिन् मेरी आमा
अन्धकारमा क्षितिजतर्फ
अनि अनुमान लगाउँथिन् समयको
ताराहरू गन्दै

आधा रातमै तय हुन्थ्यो
पिठ्यूँमा सन्तापको भारी बोकेर
रोशी घट्टसम्मको यात्रा
बाटाभरि चपाउँथे नाङ्गा पैतालाले
तुषारो, हिलो र ढुङ्गा
जसरी चपाउँथिन् भोको पेटमा
घाँसको भारीले किचिएर
पोल्टाको मकै

वर्षात्लाई थाहा छ
कसरी हाम्रै खरको छाना तोड्दै
मझेरीमा आहाल जम्दा
रहरहरू लत्पतिए हिलोसँगै
म चिप्लँदा
कति उद्देश्य पनि चिप्लिए मसँगै
त्यतिखेर मलाई टिप्दै
छानालाई बोरा वा प्लास्टिक ओढाएर
बाससँगै जोगाउँथिन् हाम्रो अस्तित्व
भुइँमा भाडाकुँडा थापेर
पानीसँगै भर्थिन् खुसीहरू


हिउँदलाई थाहा छ
कसरी कठ्याङ्ग्रिन्थे उनका इच्छाहरू
कलिला मुनाझैँ
कति धाँजा फाट्थे छातीमा
चिरिएका कुर्कुच्चाझै
चोलोसँगै मन टाल्दै
कसरी छोप्थिन् जिन्दगीको लाचारी
र भोगाइका भद्र अभद्र अभाव
ती सबै-सबै घुर्मेलो छायाँ बनेर
आज पनि ताजै छन् मेरा मन र मस्तिष्कमा

वर्षौंदेखि असिना पचाएका आङ
अनि तुषारो निलेका गोडा सारेर
सपनाको सगरमाथा
कहिल्यै नचढेकी मेरी आमा
जीवन नै साँचेर सागमाथाजस्तो
गाउँदेखि बेसीसम्म सपनाहरू
रोप्थिन्, गोड्थिन् र फलाउँथिन्
जो आफैँ किसान थिइन्
जिन्दगीको पनि र फसलको पनि

मदर टेरेसा, फ्लोरेन्स नपढेकी मेरी आमा
जो आफैं सिकाइरहन्थिन् सङ्कल्प र मानवता
आफू अन्याय र अन्योलतामा पिल्सिएर पनि
गाइरहन्थिन् मुक्तिको घाँसेगीत
विरहमा सुसेल्थिन् जाँगरको सिलोक
तथापि मैले बुझ्नै सकिनँ
हेर्दाहेर्दै उनसे खाइन् जिन्दगीलाई
या खायो जिन्दगीले उनलाई
पनौती घाटमा बलेको उनको अर्थीको धुवाँ छ
स्मृतिमा

आज नियाल्दैछु आफैँ बाँचेको परिवेश
भत्केर नउठेका संरचनाहरू
खिइँदै गएका आदर्शहरू
चर्कंदै टुटेका विश्वासहरू
अनि सोध्दैछु आफैलाई के म सकुँला त
त्यो जमानासँगै निखिएकी
आमाका आदर्शहरू बोकेर
यो जमानासँगै दौडिरहेकी
मेरी छोरीसँगै घिस्रन ?

# मैले तिमीलाई जोगाउन सकिनँ!



• जगत बोहरा

रातको शान्ति गहिरिँदै जान्छ। सहर निदाइसकेको हुन्छ, तर मेरो मन भने अझै जाग्राम नै हुन्छ। आँखा बन्द गर्दा निद्रा आउनु अघि एउटा डर हुन्छ–आज पनि उनी सपनामा आउने हुन् कि? किनकि उनी सपनामा आउँदा खुसीभन्दा पीडा धेरै लिएर आउँछिन्।

सपनामा उनी सधैं उस्तै देखिन्छिन्–मुस्कान उस्तै, स्वर उस्तै, आँखामा उस्तै चमक। तर म सधैं फरक हुन्छु थकित,अलमलिएको, र अधुरो। उनी मलाई हेरेर भन्छिन्,

'अझै पनि मलाई बिर्सिन सकेनौ?' म जबाफ दिन खोज्छु, तर शब्दहरू घाँटीमै अड्किन्छन्। सपनाको त्यो संसारमा हामी फेरि पुरानै गल्लीमा हुन्छौं। जहाँ पहिलो पटक हात समातेका थियौं। त्यो बेला संसार सानो थियो, तर सपनाहरू असीमित।

उनी भन्थिन्, 'भोलि के हुन्छ थाहा छैन, तर आज हामी सँगै छौं, हैन र?' म मुस्कुराएर टाउको हल्लाउँथेँ।

तर सपनामा सधैं एउटा मोड आउँछ। अचानक उनी रोक्छिन्, मभन्दा केही पर उभिन्छिन्। उनको आँखामा आँसु हुँदैन, तर पीडा स्पष्ट देखिन्छ। भन्छिन्, 'यहीँसम्म थियो हाम्रो यात्रा।'

म दौडेर उनको हात समाउन खोज्छु, तर दुरी झन् बढ्दै जान्छ। जति दौडिन्छु, उति उनी टाढिँदै जान्छिन्। त्यो बेला म चिच्याउँछु–'नजाऊ, अझै धेरै कुरा बाँकी छन् !'

त्यसपछि अचानक म ब्युँझिन्छु। कोठा अँध्यारो हुन्छ। तकिया भिजेको हुन्छ। छाती भारी हुन्छ, सास गाह्रो हुन्छ। घडी हेर्छु–बिहानको ३ बजेको हुन्छ। न उनी यहाँ हुन्छिन्, न त्यो सपना पूरा हुन्छ। दिनभरि सामान्य देखिन खोज्छु। मानिसहरूसँग हाँस्छु, काम गर्छु, बोल्छु। तर मनको कुनामा एउटा कोठा छ–जहाँ उनी अझै बसिरहेकी छिन्। त्यो कोठाको ढोका म बन्द गर्न सक्दिनँ। कहिलेकाहीँ सोच्दछु–सायद उनी सपनामा आउनु भनेको मेरो मनले अझै हार नमानेको संकेत हो। वा सायद त्यो प्रेम कहिल्यै मर्न नसकेको प्रमाण हो।

उनी गएको खबर मैले बिहानै सुनेको थिएँ। फोनको अर्कोपट्टि आवाज काँपिरहेको थियो–'उनी अब छैनन्...' केही सेकेन्डसम्म म मौन रहेँ।शब्दको अर्थ बुझ्न दिमागले मानेन।

हृदयले अस्वीकार गऱ्यो। किनकि हिजो राति मात्रै त उनी मेरो सपनामा आएकी थिइन्। सपनामा उनी शान्त थिइन्।

पहिलेजस्तै मुस्कुराउँदै भन्थिन्, 'अब तिमी दुखी नहुनू।'

त्यो वाक्य मैले त्यति बेला बुझिनँ। आज बुझ्दैछु–त्यो बिदाइ रहेछ। उनी सधैं बलियो देखिन्थिन्। सबैको अगाडि हाँस्ने, अरूको पीडा बुझ्ने, तर आफ्नै मनको भार कसैलाई नदेखाउने। सायद यही गल्ती भयो–हामीले उनको हाँसो मात्र देख्यौं, भित्रको चिच्याहट सुन्न सकेनौं।

मानिसले कहिलेकाहीँ पीडालाई यति ठूलो बनाइदिन्छ कि जीवन सानो देखिन थाल्छ। त्यो क्षणमा आत्महत्या समाधान जस्तो लाग्न सक्छ, तर सत्य यो हो–आत्महत्या अन्त्य हो, समाधान होइन। र बाँच्नु–संघर्षकै बीच पनि–सबैभन्दा ठूलो साहस हो। जीवन सधैं सजिलो हुँदैन। असफलता आउँछ, सम्बन्ध टुट्छन्,आशा हराएजस्तो लाग्छ। तर ती क्षणहरू जीवनको मूल्य घटाउने प्रमाण होइनन्, बरू मानव हुनुको प्रमाण हुन्। आत्महत्या गर्नु ठूलो निर्णय जस्तो देखिए पनि, त्यो निर्णय पीडाको एक क्षणले जन्माउँछ। तर जीवन भने क्षणको कुरा होइन–जीवन समय हो, सम्भावना हो, परिवर्तन हो।

बाँच्नु भनेको हाँसिरहनु मात्र होइन। बाँच्नु भनेको रून्ने अधिकार हुनु, थाक्ने अनुमति हुनु, सहयोग खोज्ने साहस हुनु हो। कसैले आत्महत्या गरेपछि पीडा समाप्त हुँदैन–पीडा सर्ने मात्र हो। आमा-बुवाको छातीमा, साथीको मौनतामा, अधुरो प्रश्न बनेर बाँकी रहन्छ। तर जब कोही बाँच्ने निर्णय गर्छ, त्यो निर्णयले धेरै जीवनलाई जोगाउँछ। आफ्नो मात्र होइन–आफूलाई माया गर्ने सबैको।

हामीले समाजमा 'किन बलियो बन्न सकेनौ?' भनेर सोध्न छोड्नुपर्छ। बरू 'किन उसले सहयोग पाउन सकेन?' भनेर सोध्न सिक्नुपर्छ। बाँच्नु कमजोरी होइन। बाँच्नु हार होइन। बाँच्नु भनेको–आज हार माने पनि, भोलि फेरि उठ्ने सम्भावना बचाइराख्नु हो। यदि आज मन भारी छ भने, त्यो अन्त्य होइन।

यदि आज अँध्यारो छ भने, उज्यालोको सम्भावना सकिएको छैन। आत्महत्या सबभन्दा ठूलो कुरा होइन। सबैभन्दा ठूलो कुरा त–पीडासँग पनि बाँचिरहनु हो। किनकि जीवन, जति नै गाह्रो भए पनि, अझै केही देखाउन बाँकी राखेको हुन्छ।

जीवन कुनै सिधा बाटो होइन। यो एउटा खेलजस्तै हो–जहाँ हरेक चरणमा नयाँ चुनौती हुन्छ, कहिले जित, कहिले हार, र कहिलेकाहीँ थकानले घुँडा टेक्न मन लाग्ने क्षणहरू।

तर खेलको नियम एउटै हुन्छ–मैदान छोड्नु हार हो, लडिरहनु नै खेल हो। जीवनको खेलमा सबैले एउटै कार्ड पाउँदैनन्। कसैलाई सजिलो सुरूआत मिल्छ, कसैलाई सुरूमै संघर्ष। तर जित त्यसले तय गर्दैन कि कसले राम्रो सुरूआत पायो, जित तय गर्छ–कसले अन्तिमसम्म खेलिरह्यो।

हार आउनु गलत होइन। गलत त हारलाई अन्त्य ठान्नु हो। हरेक हार एउटा पाठ हो, जसले हामीलाई अझ बलियो बनाउँछ–यदि हामी उठ्न तयार छौं भने। जीवनमा कहिलेकाहीँ सपना भाँचिन्छन्, आशा कमजोर हुन्छ, र आत्मविश्वास लड्छ।

तर त्यही क्षणमा उठ्नु, फेरि प्रयास गर्नु, त्यही नै साँचो साहस हो। सजिलै हार मान्नु भनेको आफ्नै क्षमतामाथि अविश्वास गर्नु हो। तर संघर्ष गरिरहनु भनेकोआफू अझै बाँकी छु भनेर प्रमाण दिनु हो। खेलको मैदानमा त्यस्तै हो जीवन पनि। आज कठिन छ भने भोलि सम्भावना बाँकी छ। आज असफलता छ भने भोलि सिकाइ बाँकी छ। रात पर्न थालेपछि उनी फेरि सपनामा आइन्। यसपालि कुनै गल्ली थिएन, कुनै दुरी थिएन। उनी मेरो अगाडि शान्त उभिएकी थिइन्। आँखामा पीडा थिएन, तर गहिरो थकान थियो।

उनी भन्छिन्, 'म भागेकी हैन। म हारेर गएँ।' म रोएँ। पहिलो पटक सपनामा नै रोएँ। भनेँ, 'मैले तिमीलाई जोगाउन सकिनँ।'

उनी मुस्कुराइन्–'सबै जिम्मेवारी तिम्रो थिएन। कहिलेकाहीँ मन आफैसँग पनि हार्छ।' त्यसपछि उनी बिस्तारै उज्यालोमा हराइन्।

म ब्युँझिएँ। आँसु रोकिएन। तर त्यो रातपछि एउटा कुरा बदलियो।

अब म सपनामा उनलाई रोकेर राख्न खोज्दिनँ। बरू बाँचेकाहरूसँग बोल्न थालेँ। मन भारी हुँदा चुप लागेर बस्न छोडेँ। उनी अब फर्केर आउने छैनन्। तर उनले छोडेको सन्देश बाँकी छ–पीडा नदेखिए पनि गहिरो हुन सक्छ। र समयमै सुन्नु नै सबभन्दा ठूलो माया हो। जीवन कहिलेकाहीँ कठिनाइले भरिन्छ। दिनहरू लामो, रातहरू अँध्यारो। सपना पूरा नहुने डर, असफलताको पीडा, र कहिलेकाहीँ आफूलाई हराएको महसुस–यी सबै अनुभव हामी सबैले गर्छौं। तर याद गर–जीवनको साँचो मिठास संघर्षमा हुन्छ। जब हामी हिम्मत हार्दैनौं, जब हामी उठ्छौं र फेरि अघि बढ्छौं, त्यसै क्षण हामी वास्तविक जितको अनुभव गर्छौं। सफलता कहिल्यै तुरून्तै आउँदैन। सपना पूरा गर्न समय लाग्छ। तर हरेक प्रयासले हामीलाई बलियो बनाउँछ। हरेक असफलतामा लुकेको शिक्षा, हरेक चुनौतीमा लुकेको अवसर–यी सन्देशहरूलाई पत्ता लगाउनु नै जीवनको असली सौन्दर्य हो। हामीलाई प्रेरित गर्ने चिजहरू सधैं ठूला हुँदैनन्।

सानो मुस्कान, सहयोगको हात, अलि समय आफ्नै लागि निकाल्नु–यी साना कुरा पनि जीवनमा ठूलो उज्यालो ल्याउँछन्। सबैभन्दा महत्वपूर्ण कुरा–कहिल्यै हार नमान्नु।

सपना टुटे पनि, आशा हराए पनि, फेरि उठ्ने साहस राख्नू।

किनकि बाँचिरहनु, कठिनाइका बीच पनि अघि बढ्नु, त्यही जीवनको सबैभन्दा ठूलो जित हो।

आज यदि जीवन भारी छ भने, एक गहिरो सास लिऔँ।

छोटो मुस्कान गरौँ। र सम्झौँ–जति गाह्रो भए पनि, जीवन अझै रमाइलो छ। तिमी बाँचिरहँदा, संसार अझै सुन्दर छ।

संसारका सबै मिठा कुरा–प्रकृति, साथी, सपना, आशा–

यी सबै तिमीलाई जीवन प्रेम गर्न सिकाउँछन्। सोध्नु पर्दैन कि आज सजिलो छ कि छैन, महत्त्वपूर्ण कुरा यो हो–

तिमीले अझै प्रयास गरिरह्यौ। जीवन मीठो छ, तिमीले बाँचिरहनु नै यसको सबैभन्दा ठूलो मिठास हो।

आज पनि उनी कहिलेकाहीँ सपनामा आउँछिन्। तर अब उनी पीडामा होइनन्। र म–म बाँच्न सिक्दैछु, उनको सम्झनालाई बोकेर,अरूलाई नछुट्याउने वाचा गर्दै।

यदि समय फर्किन सक्थ्यो भने, म सबैभन्दा पहिले यही भन्थेँ–

म हतारिएँ। पीडालाई स्थायी ठानेँ, तर जीवन अस्थायी पीडाभन्दा ठूलो रहेछ। मलाई लाग्थ्यो, म नहुँदा सबै सजिलो हुन्छ।

आज बुझ्छु–पीडा मसँगै सकिएन, पीडा माया गर्नेहरूकहाँ सर्यो। आमाको मौन, साथीको अधुरो हाँसो, अझै नसुल्झिएका प्रश्न–यी सबै मेरा पछुतो बने।

म बोल्न सकिनँ। रून सकिनँ, सहयोग माग्न सकिनँ, त्यहीँ चुकेँ।

किनकि बाँच्नु भनेको सबै ठिक छ भनेर देखाउनु होइन रहेछ,

बाँच्नु भनेको ठिक छैन भन्न सक्ने साहस रहेछ।

म आज पछुतो गर्छु–एक दिनको अँध्यारोलाई पूरै जीवनको मापन बनाएकोमा। थकानलाई अन्त्य ठानेकोमा, सम्भावनालाई कुर्न नसकेकोमा। हार मान्नु सजिलो हुन्छ, तर बाँचिरहनु साहस हो। रून्नु कमजोरी होइन, बोल्नु बल हो।

एक फोन, एक संवाद, एक दिनको धैर्य–यी सानातिना कुरा जीवन जोगाउन काफी हुन सक्छन्। म यहाँ छैन, तर मेरो पछुतो सन्देश बनेर बाँकी छ–

मेरो अन्त्यलाई तिम्रो विकल्प नबनाऊ। मलाई सम्झ, तर मेरो बाटो नअपनाऊ। तिमी बाँचिरहनु त्यही नै मेरो लागि सबैभन्दा ठूलो प्रायश्चित्त हो।जीवन खेल हो–कहिलेकाहीँ हारिन्छ, तर मैदान छोड्नु हुँदैन।

आज गाह्रो छ भने भोलि सम्भावना बाँकी छ। कृपया बाँच।

किनकि जीवन, अझै धेरै कुरा देखाउन बाँकी राखेको हुन्छ।

म जान्दछु, वास्तविक जीवनमा उनी फर्केर आउने छैनन्।

तर सपनामा त उनी अझै आउँछिन्। त्यही सपनाले मलाई भाँच्दछ पनि, जोगाउँछ पनि। र म हरेक रात आँखा बन्द गर्नु अघि एउटै कुरा सोच्दछु–आज फेरि उनी सपनामा आए भने, म यसपटक केही फरक गर्छु कि? तर सपना सधैं उस्तै हुन्छ...

र म सधैं उस्तै गरी अधुरो भएर ब्युँझिन्छु।

# लेख्न नहुने एउटा कथा



• भाउपन्थी

यो कथा नलेखेको भए पनि हुने हो । तर, लेखियो । विषयको अभावमा होइन, एउटा कुतकुती थियो मनमा यस विषयमा पनि कथा लेखिहेरूँ न त भनेर । लेख्न त लेखियो । तर, त्यसलाई प्रकाशनमा ल्याउने कि नल्याउने ? विषय यस्तो त थिएन जसबाट केटाकेटीले सजिलै सुतली बम र कुकुर बम बनाउन सिकून् । एउटा धर्मसंकटको कुरो पनि थियो । त्यो के भने, विषय छिमेकको थियो । छिमेकको भन्नाले ? त्यो पछि खुल्दै जानेछ । यसर्थ कथा के थियो- भनौँ न धर्मसंकट थियो । थियो मात्र होइन, छ । अहिले त लेखिसकियो र प्रकाशनार्थ ठाउँमा पठाइ पनि सकियो । यसरी धर्मसंकट टरेजस्तो लागे पनि त्यो टरेको छैन, कायमै छ ।

त्यो कस्तो भने, कथा छापूँ कि नछापूँ यो धर्मर थियो, जसलाई धर्मसंकट भन्दा पनि हुन्छ । तर छाप्न पठाइसकियो, अब के धर्मसंकट के धर्मर !

तर, यसो गम्भीर भएर सोचिहेरेँ, यसमा धर्मसंकट भन्नुजस्तो के छ र ? कथा भनेको कथै हो । र अन्ततः यसले एउटा धर्म त निर्वाह गर्नैपर्छ । त्यो धर्म हो- रोचकता ! रोचक यो कथा छजस्तो लाग्छ । आफ्नो सामान बिकाउन व्यापारीले पैरवी गरेजस्तो म आफ्नो कथाको प्रशंसा गरिरहेको छैन । अथवा... ।

अथवा आफ्नो पार्टी बिकाउन भएभरिका वाचाप्रतिज्ञा लेखेर मतदाता रिझाउने कामतिर म लागेको छैन । कथा कस्तो छ, त्यो जान्न पढिहेर्नुस् । तर सावधान ! कथा मन परिहाल्छ भन्ने ग्यारन्टी गर्न सकिँदैन । साताभरिमा सयभन्दा बढी कथा लेखिन्छन् । तीमध्ये कुन मन पर्छ, त्यो यही कथा हो भनेर ग्यारेन्टीका साथ भन्न सकिन्न ।

अचेल ग्यारन्टीको जमाना छैन, वारेन्टीको छ । वारेन्टीको ? मतलब यो कथा रोचक हुन सकेन भने अर्को लेखौँला, अर्को पढ्नुहोला । कथै लेख्नु त हो । कुनै शोधप्रबन्ध लेख्नु त होइन ।

यो पनि ध्यान रहोस्- शोधप्रबन्ध त बजारमा किन्न पाइन्छ । तर, कथा पाइन्न है । एउटा कुरा थपूँ, सातामा सयभन्दा बढी कथा लेखिए पनि । तर, रोचकता ? भनिसकियो, यसको त कुनै ग्यारेन्टी छैन ।

त कथा सुरु गरौँ । भूमिकास्वरूपको गन्थन धेरै भयो । अब लागौँ कथातिर । घटना यस्तो थियो, जुन यसमा बुन्न खोजिएको छ त्यो एउटा केटीको हो । केटी भन्नाले मेरो काल्पनिक सिर्जना होइन, वास्तवमै भएकी केटी । ऊ अहिले पनि छ । तर, त्यो प्रसंगअनुसार खुल्दै जानेछ ।

कथा फेदको ल्याएर टुप्पोबाट र टुप्पोको फेदतिर लगेर लेख्न त सकिन्छ । तर, यसलाई म पारम्परिक तरिकाले नै लेख्न चाहिरहेको छु । भनेअनुसार रोचक नभएमा पाठकका अगाडि क्षमाप्रार्थी छु ।

उस बेलाको कुरा हो, जुन बेला...। पख्नोस् है त ! उस बेला भन्नाले उति बेला, जति बेला कुनै घरकी चेलीको बिहे सानै उमेरमा हुन्थ्यो । र, उसको दुलहा व्यापार गर्न देशान्तर जान्थ्यो अनि कालान्तरमा फर्कन्थ्यो ।

उति बेला परिवर्तनको गति धिमा थियो । दुलही लक्का तरुनी हुँदासम्म पातिव्रत्य पालन गर्दै शारीरिक वासना दबाएर पर्खिरहन्थी । धार्मिक र सामाजिक जकडबन्दी पनि थियो । पारिवारिक अनुशासन थियो अथवा अरू केके थिए ।

पातिव्रत्य पालन नगरी नपर्खनू भनेको होइन । तर, चलन नै त्यस्तो थियो ।

अचेल त्यस्तो सम्भव छैन । परिवार नियोजनका साधन टफी-चकलेटझैँ पसलैपिच्छे सहजै उपलब्ध छन् र पातिव्रत्य भनेको अधिकांश सन्दर्भमा विलुप्त छ । जे होस्, कथाकार पातिव्रत्यको प्रसंग लम्ब्याएर साँघुरो विचारको हुन चाहन्नँ । त्यसैले अगाडि बढौँ ।

त उतिबेला, जतिबेला म यो टोलमा सरेर आएको थिएँ, अहिले पनि यही टोलमा छु । मलाई घरको जिम्मा घरधनी लगाएर अमेरिका गएको थियो । ऊ उतै बस्नेवाला थियो । घर मेरै अधीनमा थियो । भाडामा बसेकाहरूमध्ये केटीको परिवार पनि थियो । म भने घरभाडा उठाउँथेँ र आफूलाई ताकिएको खर्चबापतको रकम छुट्ट्याएर बाँकी पैसा घरधनीको खातामा राखिदिन्थेँ ।

घर मर्मत खर्च भनेर केही अतिरिक्त रकमको आम्दानी पनि गर्थें । जिन्दगी चलिरहेथ्यो भन्नाले जिन्दगी मज्जाले चलिरहेथ्यो ।

कसोकसो गरेर घरभाडामा बस्नेले एक दिन भन्यो, "ए हजुर, मेरी छोरी पढाइमा कमजोर देखिई । उसको पढाइको प्रबन्ध गरिदिनुपऱ्यो, ट्यूसनजस्तै ।"

त्यती भनेर ऊ थामिएन । भन्यो, "हजुर बुज्रुग मान्छे छोरी हजुरको हिल्ला लाउँदा हामीलाई डर छैन । हजुरकै नातिनी मान्नोस् न ।"

भाडावाल व्यापारी थियो । म त व्यापारी थिइनँ । अधबैँसै थियो । म बूढो थिएँ । उसकी छोरी सोह्रमाथिकी तरुनी हुने तर्खरमा थिई । नातिनी मान्नोस् न भनेकामा म अलि

❖ बाँकी तेस्रो पृष्ठमा

# झापामा बढ्यो चोरीका घटना

झापा, माघ ३ । झापामा चोरीका घटनामा बृद्धि भएको छ । जिल्लाका विभिन्न स्थानमा श्रृंखलाबद्ध चोरी भएको हो ।

बिहीवार राति बिहान गौरादह ८चन्दन टोल बस्ने कृष्णचन्द्र पण्डितको नाममा दर्ता रहेको कालो रंगको मे५प७३६३ नम्बरको होण्डा कम्पनीको मोटरसाइकल घरको प्यासेजमा पार्किङ गरी राखेको स्थानबाट चोरी भएको छ ।

त्यस्तै गौरादह ६ कोहबरास्थित एनसेल टावरभित्र रहेको तामाको तार अन्दाजी ६० मिटर,तामाको पाता थान १ र तामाको स्ट्रिप थान १गरी जम्मा ७० हजार बराबरको सामान चोरी भएको छ ।

त्यस्तै बिहीवार राति भद्रपुर ७ सरस्वती टोल बस्ने देवीकुमारी घिमिरेको घरमा पछाडिबाट ढोका फोरी घरमा रहेको दराज फुटाइ ३ तोला सुन, ७ तोला चाँदी, नगद १५ हजार चोरी भएको छ ।

त्यस्तै बिहीवार राति नै भद्रपुर वडा न. -५ भद्रपुर बजारमा रहेको न्यू ममता ज्वेलर्सबाट बिक्रीको लागि बनाएको अन्दाजी १० तोला चाँदीको गरगहना चोरी भएको छ ।

यसैबीच एनसेलको तार चोरी गरेको आरोपमा बिर्तामोडमा दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा एनसेल टावर मर्मतको ठेक्का लिने मोरङ उर्लाबारी २बस्ने बर्ष अन्दाजी २९का सुवाष आचार्य र मोरङ रतुवामाई ८बस्ने बर्ष ३६का प्रदिप बस्नेत रहेका छन् । उनीहरुलाई शुक्रवार साँझ प्रहरीले पक्राउ गरेको हो । गौरादह ६ स्थित कमलेश्वर राजवंशीको घरमाथि राखेको एनसेल टावर मर्मत गर्ने जिम्मा उनीहरुले पाएका थिए।

त्यस्तै चोरी गर्न आएको आशंकामा भद्रपुरमा एकजना व्यक्ति पक्राउ परेका छन् । शुक्रवार बिहान ५:२० बजे भद्रपुर नगरपालिका -६तेलिभिट्टा बस्ने मन्दा ढकालको घरपछाडि रहेको गाईगोठको बाटो प्रयोग गरी घरभित्र पसेका हल्दिबारी २गैनाबारी बस्ने बर्ष १९का बिजय महतोलाई शंका लागेर पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

## एसइई परीक्षामा चुनावको प्रभाव

# उम्मेदवारी दर्तापछि बोर्डले मिति तोक्ने

झापा । राष्ट्रिय परीक्षा बोर्डले माघ ६ गतेपछि यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) बारे निर्णय लिने भएको छ।

कुन मितिबाट परीक्षा सञ्चालन गर्ने भन्नेबारे माघ ६ गतेपछि मात्रै निर्णय लिइने बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा-१० का




उपनियन्त्रक तारानाथ निरौलाले जानकारी दिए।

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि माघ ६ गते उम्मेदवारी दर्ता गर्ने समय तोकिएको छ। निर्वाचन आयोगको निर्वाचन कार्यक्रम अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीतर्फका लागि माघ ६ गते बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता हुनेछ भने सोही दिन बेलुका ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ।

उम्मेदवारी दर्तापछि एसइई परीक्षाबारे निर्णय लिइने उपनियन्त्रक निरौलाले बताए।

उनले भने, 'निर्वाचन हुन्छ वा हुँदैन भन्ने द्विविधाले हामीलाई पनि समस्यामा पारेको छ, हालसम्म केही निर्णय गर्न सकिएको छैन, अब उम्मेदवारी दर्तापछि कहिलेबाट एसइई परीक्षा सञ्चालन गर्ने भन्नेबारे निर्णय गर्छौं।'

यो वर्ष (२०८२) को एसइई परीक्षा आगामी चैत पहिलो हप्ता सञ्चालन हुने बोर्डको वार्षिक कार्यतालि थियो तर निर्वाचन हुने देखिएपछि परीक्षामा असर पुग्ने देखिएको हो।

परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा-१० का नियन्त्रक टुकराज अधिकारीले मुख्य त मतपत्र र एसइई परीक्षाको प्रश्नपत्र छाप्ने एउटै ठाउँ (सरकारी स्वमित्वमा रहेको जनक शिक्षा सामग्री केन्द्र लिमिटेड) हुँदा निर्वाचनको प्रभाव पर्ने बताए।

उनले भने,'अब प्रतिनिधिसभा निर्वाचन हुने नै देखिएको छ। यसले परीक्षामा प्रभाव पार्ने देखियो। मतपत्र र प्रश्नपत्र छाप्ने एकै ठाउँ भएकाले केही सुरक्षाका हिसाबले पनि समस्या हुने भयो। त्यसैले परीक्षा मिति सार्ने बोर्डको तयारी छ।' गत वर्ष (२०८१) सालको एसइई परीक्षा भने चैत ७ गतेबाट शुरु भएर १४ गते सकिएको थियो।

करिब पाँच लाख विद्यार्थीले यस वर्षको एसइई परीक्षाको लागि फाराम भरेका छन्।

# राष्ट्रियसभाको अधिवेशन आइतवारदेखि

काठमाडौँ । राष्ट्रियसभाको १९औँ अधिवेशन यही माघ ४ गते आइतवारदेखि सुरु हुँदैछ।

नयाँ वानेश्वरस्थित अन्तरराष्ट्रिय सम्मेलन केन्द्रमा रहेको संसद् भवन जेनजी आन्दोलनका क्रममा जलेर ध्वस्त भएकाले संघीय संसद् सचिवालय, सिंहदरबारमा अधिवेशन सञ्चालन हुनेछ।




अधिवेशनको तयारीका लागि अध्यक्ष नारायणप्रसाद दाहालले शुक्रवार कार्यव्यवस्था परामर्श समितिको बैठक आह्वान गरेका छन्।

अधिवेशनको पहिलो बैठकमा अध्यक्ष दाहालले राष्ट्रपतिबाट अधिवेशन आह्वानको पत्र पढेर सुनाउने र हालै निधन भएका नेपाली कांग्रेसका सांसद बलदेव बोहराप्रति शोकप्रस्ताव प्रस्तुत गर्ने कार्यसूची रहेको छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अधिवेशनको सबै तयारी पूरा भएको जानकारी दिए।

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालले संविधानको धारा ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को गत पुस २८ गतेको सिफारिसमा यही माघ ४ गते आइतवारका दिन ११:०० बजे राष्ट्रियसभाको अधिवेशन आह्वान गरेका छन्। गत भदौ ३१ गते राष्ट्रियसभाको १८औँ अधिवेशन अन्त्य भएको थियो।

यसैबीच, निर्वाचन आयोगले यही माघ ११ गते राष्ट्रियसभाको १९ सदस्यका लागि निर्वाचनको तयारी पनि गरेको छ। राष्ट्रियसभा सदस्यमा एकजना निर्विरोध निर्वाचत भइसकेका आयोगले जनाएको छ।

# लेख्न...

खुम्चिएँ । पराईका छोरीलाई नातिनी कसरी मान्नु ?

भित्र उल्टोपट्टि तान्दै बुढेसकालको उमेरले मलाई सेलाउनतिर लगिरहेको थियो । तै भाडावालको तरुनी हुनतिर उन्मुख छोरीलाई नातिनी मानेर नजिकै राखेर पढाइदिनमा एउटा पोथी रापको अनुभव हुने थियो ।

भित्रभित्र म सेलाउँदै गएको ज्वालामुखी नै सही, तर रापको अनुभव त पाउने थिएँ । पापी विचार थियो यो । तर, मानिस पापकर्मबाट बच्छु भन्दाभन्दै पाप गर्न पुग्छ । यसो भन्नाले म त्यो केटीलाई बलात्कार गरिहाल्ने विचारमा थिइनँ । मात्र कति भने, बल्न लागेको राप म ताप्न चाहन्थेँ । राप, जसले जीवन रसिलो अनुभव गराउन सक्थ्यो ।

त, म केटीलाई पढाउन थालेँ । ऊ अंग्रेजीमा कमजोर रहिछ । कमजोरी त उसका अरू पनि थिए ।

एकदिन उसले भनी, "अंकल ! मलाई एउटा केटोले जिस्क्याउँछ ।"

फूमा भमरा !

मैले भनेँ, "यो त संसारको चलन नै हो नानी । तिमी राम्री पनि त छौ, लोभलाग्दी । हाम्रो छरछिमेकमा तिमी जति राम्री म त अरू देख्दिनँ ।"

अब यति लामो कुरा किन चाहिएको होला- मैले मनमनै भनेँ । तर, यस्तो रूपलावण्य भएकी केटीको सान्निध्य यस्तो थियो कि यति कुरा नगरी मन शान्त, सन्तुष्ट र तृप्त हुने अवस्थै थिएन ।

"म त्यस्ती राम्री छु र अंकल ?" केटीले मुखमा सिसाकलम टोक्दै सोधी ।

मलाई भित्रभित्रै 'अंकल' शब्दको आविष्कारप्रति रिस उठ्थ्यो । यस शब्ददेखि म असहमत थिएँ । यो कस्तो भने, पहिलो गाँसमै करक्क ढुंगा लागेजस्तो । मामा, काका वा अरू केही नपाएर यो अंकलको सम्बोधन अहिले सहज र सुलभ भएको छ । यो हाम्रो संस्कृतिविरुद्ध छ ।

तर फेरि सोचेँ, "साला ! एउटा अंकल शब्दले नै भत्किने संस्कृति कस्तो हो ?" फेरि सोच्न बाध्य भएँ, "त्यताको विरोध छाड् बूढा, अंकल शब्दले नै काम चला ।"

नरम भएर टिभीतिर हो वा कता हो सुनेको वाक्य दोहोर्‍याइदिएँ । भनेँ, "तिमी राम्री छौ । तर, मानिस रूपले होइन विचार र मनले राम्रो हुनुपर्छ ।"

लगत्तै सोधि पनि हालेँ, "त्यो केटो कस्तो छ ?"

केटीले सरमाउँदै भनी, "राम्रो छ । म पनि उसलाई मन पराउँछु ।

कस्तोकस्तो लभ गरिराखूँजस्तो लाग्छ ।"

यति भनेर झट्टै केटीले जिब्रो टोकी, भन्न नहुने कुरा भनेँ भनेर हो कि ? केटी मसँग धेरै खुलेकी थिई । मात्र यति बाँकी थियो, अंकलअंकल भन्दै काखमा लाडिन । तर, एउटा कुरो यो हो है, ऊप्रति म धेरै स्नेहशील भइसकेको थिएँ ।

"अंकल उसले लेखेको लभ लेटर पढेर मेरो जवाफ लेखिदिनुहुन्छ ?" उसले नजर झुकाएर भनी । केटी 'बोल्ड' रहिछ । तर, अभिनय गरेकी हो कि ? मसँग आँखा नजुधाई भुइँतिर हेरेर लाज मानेझैँ गरेकी, लाज पनि के नि ?

अब त लभ लेटर लेख्न नै लगाइरहेकी छ । मलाई रोमाञ्च भएर आयो- अहिलेका केटाकेटीको प्रेमपत्र लेखनकला हेर्न ।

केटाको लभ लेटर केटीले मलाई दिई ।

"अंकल बाबा-आमालाई थाहा नदिनुहोला है !" थाहा दिनु थिएन । त्यो विश्वासघात हुने थियो ।

मैले सजिलै भनेँ, "चिन्ता नगर । ज्यान जाला । तर, कुरा चुहाउँदिनँ ।"

यस किसिमले म उसको सहयोगी बनेँ- केटीको अपराधमा । तर, प्रेम गर्नु अपराध त होइन नि- यस्तो सोचेर मन बुझाएँ । यद्यपि, लभ लेटर म एक्लैले लेख्न नसक्ने रहेछु । त्यसैले केटीलाई एकान्त पारेर भनेँ, "म सकूँलाजस्तो लाग्दैन । तिमी र म मिलेर लेख्नुपर्छ है ।"

केटी पहिले त अनकनाई । तर, पछि एक पन्थ दुई काज मिल्ने गरी भनी- "अंकलले लेख्नू, म पछि थपौँला ।"

केटीलाई मोबाइल किनिदिएका रहेनछन् । विश्वविद्यालय जान थालेपछि

मात्रै मोबाइल पाउने सर्त रहेछ । केटी त्यसैले पढ्नतिर दत्तचित्त थिई । बीचमा मोबाइलको लोभ त्यागेर लभतिर फसी । र, बीचमा लभको प्रसंग आइदिएछ ।

केटोले भनेको पनि रहेछ, "मेरो मोबाइल लैजाऊ । म हरायो भनेर अर्को

किन्न लगाउँछु ।"

केटीले घरमा मोबाइल कहाँबाट आयो भनेर केरकार गरिन्छ भन्ने डरले लिइनछ । मोबाइल ठाउँ-कुठाउँ बजिदिने पनि भो ।

केटा र केटीबीच वर्ष दिनजति प्रेमको क्रियाकलाप चल्दै रह्यो । म दुईतीन पटक गाउँ पुगेर पनि आएँ । तर, पछिल्लोपटक गाउँबाट फर्किंदा केटी भागिसकिछ ।

केटी कता गई भन्ने पत्तो लागिरहेको थिएन । पक्कै पनि त्यो लभ लेटर लेख्ने केटोसँग भागेकी हुनुपर्छ । केटीका घरकाले भन्न लागे, "हाम्री छोरी सोझी थिई, गौप्राणी । कसले बिगार्‍यो ।" संशोधनमा उनीहरूले भने "भड्कायो ।"

मलाई डर भयो । शंकाको सुई मतिर सोझिने त होइन ? केटीलाई लभ लेटरको व्यहोरा सिकाउने मै थिएँ । तर, म त बूढो थिएँ । बुढ्यौली एउटा कवच बनेको थियो । बुढेसकालको आवरणमा म सज्जन बन्नु सजिलो थियो । म अलि बेसी खोक्न पनि थालेँ । भनेँ, "गाउँको पानी फाप्दैन मलाई ।"

म केही नजान्ने बिचरो भएर चुपचाप बसिरहन्थेँ । चुपचाप होइन, बीबीचमा खोकिहाल्थेँ, घाँटीको खसखस मेट्न भनेझैँ मसार्थें ।

साँझ पल्लोपट्टिबाट निम्तो आयो, "यसो बसौँ भन्नुभएको छ ।"

म गएँ । धेरै टाढाको यात्रा गर्नु थिएन । आफू बसेको ठाउँको सिँढी ओर्लेर उताको सिँढी उक्लनु मात्र पर्थ्यो । ओर्लें, उक्लेँ ।

टेबलमा खानेकुरा थियो । तर, एक मात्र । थप कति भने छेउमा मुला, काँक्रो र गाजर टुक्र्याएर नसजाई बेथितिले राखिएको एउटा सलादको प्लेट थियो । अलि चुलिएको थियो कुखुराको मासु, मसालेदार र कडकडाउँदो फ्राई । मासु लोकलको होइन, बोइलरको ।

छोरी पोइल गएको उपलक्ष्यमा लोकल काट्नु थिएन । शोकका लागि बोइलर नै पर्याप्त थियो । शोक पनि थियो र त्यसलाई भगाउनु पनि थियो । धेरै तामझाम गरेर शोक मनाउनु थिएन र शोकलाई पन्छाउन साजसज्जासहितको पिउन पाउनु गर्नु पनि थिएन ।

केटीको बाउमाथि बढी प्रेसर देखियो । दिउँसो बित्दै थियो, साँझको आभास पाइरहिएको थियो । पेग बनाएपछि केटीको बाउले तीतो मुख बनाएर भन्यो, "हजुर, यो कुरो कतै लिक नहोस् है ।"

मैले आश्वासन दिन बलियो गरी टाउको हल्लाएँ । मलाई भ्रम थियो, कुरो कुन लिक नहोस् ? दारु खानुको कि छोरी भागेको ? मैले दुवै कुरालाई गुटमुट्याएर एकै पोको पार्दै सोचेँ- दुवै कुरो लिक गर्नलायक छैनन्, इज्जतको सवाल छ ।

पहिलो त यो कि छोरी भागेको चिन्ता छ उसलाई । र, म बूढोलाई बोलाएर दारुपान गरिरहेछ । दोस्रोमा यो थियो- छोरी भाग्नु स्वयंमा गर्व गर्नलायक विषय थिएन । यसैले होला भाडावाल अर्थात् छोरीको बाबु पीरले रोयो, धरधरी ।

भित्र उसकी श्रीमती पनि रोई, ढोकाले छेलिएर । अगाडि आएर रोइन, छोरीले मुख देखाउनलायक राखेकी थिइन । छोरी हेरी आमा पनि सुन्दर थिई । यहाँसम्म सुँक्कसुँक्कको टाँठो आवाज आइरहेको छ ।

मैले आँसु बगाउने कुरो थिएन । तर, पीडा सहन नसकेर भनेझैँ दारुको पेग उठाएँ र एकै घुड्कोमा पिएँ ।

छोरीको बाउले रुँदारुँदै आश्चर्यचकित भएरै होला अश्रुपूरित आँखा उठाएर मतिर हेर्दै भन्यो, "अलि बिस्तारै है, हजुर !"

मैले गम्भीर बनेर, गम्भीर बन्नु परिस्थितिको माग थियो, मुस्कुराउनु थिएन, कारण उसकी छोरी भागेकी थिई, भनेँ- "यति त म थाम्छु । तर, प्रश्न यो छ- अब गर्ने के ?"

छोरीको बाउ झन् चिन्तामा पर्‍यो । किनभने जससँग सल्लाह माग्न यो अल्पव्ययको दारु पार्टी आयोजन गरिएको थियो, उसैले असहाय स्वरमा भनिरहेछ, "अब गर्ने के ?"

के गर्ने के ! प्रश्नको अन्त्यमा आएको 'के' वाणझैँ बिझाउँदो बनेछ ।

मैले त्यसो गरी भनेको थिइनँ । उसको दारु खाइरहेथेँ र यस्तो तीन न तेह्रको प्रश्न वा जवाफले ऊ झन् आत्तिन सक्थ्यो । उसकी श्रीमती सुँक्कसुँककबाट डाँको छाडेर रुन सक्थी जुन अहिलेको माहोलमा अभीष्ट थिएन ।

एउटा गोप्य कुरो यो थियो- मलाई उसकी छोरीले मोबाइलबाट फोन गरेर सूचना दिइसकेकी थिई- हामी यहाँ छौँ भनेर । मैले त्यो जानकारी तिनका कानमा पुर्‍याइनँ । डर थियो, मलाई अपराधीजस्तो व्यवहार गरिनेछ र प्रहरीमा बुझाइनेछ- कि सास ले कि लासले भनेर ।

प्रत्यक्षमा मैले भनेँ, "दुईचार दिनको कुरो छ, चिन्ता लिनुपर्दैन । कहाँ छन् भन्ने पत्तो लागिहाल्छ । प्रहरीमा मेरा मान्छे छन् । गोप्य तरिकाले म तिनको ठेगाना पत्तो लगाइदिन भनूँला । खर्चपानी चाहिन्छ, त्यो त दिनै पर्छ, दिइन्छ पनि । समय यस्तो छ । देश अस्थिरतामा छ । राजनीतिले खायो । तर, नो प्राब्लम, ठाउँ पत्तो लागेपछि अनि जे गर्नुपर्ने हो गरौँला ।"

ती दुई पतिपत्नी आश्वस्त भए, यस्तो देखियो । छोरीबारे ती चिन्तित थिए, त्यस्तो देखिएकै थियो । भागेकी छोरीको बाउले भन्यो, "कहाँ छे ? कस्तोमा छे ? एउटा नोट त छाडेर गएकी छे- म जाँदै छु, चिन्ता नलिनुहोला । सुरक्षित रहनेछु ।"

पर्चाको तल हस्ताक्षर गरिएको थियो । नौलो मान्छेले कुनै सूचना दिएजस्तो भयो बाउ, छोरीको दस्तखत हेरेर । छोरीले यस्तो परिपक्व तरिकाले दस्तखत गर्न सक्ली भन्ने उसले अनुमान गरेको थिएन ।

अनुमान त के विश्वासै गरेको थिएन । तर, छोरीको दस्तखतले उसलाई अलि आत्मविश्वास बढ्यो- छोरी आफ्नो हितअहित निर्क्योल गरेर निर्णय गर्न सक्षम भइसकेकी रहिछ ।

बाउले लामो सास फेर्‍यो र गिलासको पिँधमा बाँकी दारु ठाडो घाँटी लगाएर एकै घुड्कोमा निल्यो ।

म अब कथालाई छोट्याउनतिर लागेँ । कारण बूढो पनि भइएको थियो र लामै लेख्न हात काँप्न थाल्थे ।

भागेकी छोरीको बाबुले ठाडो घाँटी लगाएर अन्तिम थोपासमेत निलेको देखेपछि मैले थुक निलेँ । कारण मेरो गिलास रित्तो थियो र त्यसमाथि दारुको बोतल पनि रित्तिइसकेको थियो । थप मगाउने लक्षण देखिएन ।

तर, हात हालिहालियो । लाग्यो, यो कथा नलेखेकै भए हुने रहेछ । एउटा कथै त हो, नलेखेको भए आकासै खस्ने त थिएन । अब आकाश थाम्न हुट्टिट्याउँले झैँ उत्तानो परेर ठाडा खुट्टा लाउनुपर्‍यो । मतलब कथालाई टुंग्याउनै पर्‍यो ।

यस्तैमा समय बित्यो । भागेकी छोरीको परिवार (बाउ र आमा) डेरा सरेर अन्यत्र गयो । म एक्लो भएँ । अमेरिकाबाट घरबेटीले अर्को भाडावाल खोजेर राख्नू भन्ने आदेश दियो । आदेशै त हो, उसैको घरमा फ्रीमा बसिएको छ । मेरो उपरी आम्दानी पनि हराइरहेको थियो ।

मेरो दिमागबाट भागेकी छोरीको कथा गायब भइसकेको रहेछ अर्थात् मैले बिर्सिसकेको रहेछु ।

एउटा संशय मेरो मनमा यो थियो- कतै भागेकी छोरीको बाउले ती भागेकाहरूको पत्तो लगाएर 'अनर किलिङ' त गरेन ? यस्तो असम्भव थियो कि असम्भव थिएन- त्यसको उत्तर मसँग थिएन । यता अनर किलिङको चलन देखिएको छैन ।

डेढ वर्षजतिपछि गाउँबाट मेरो पनाति लिएर नाति आयो । पनाति बिरामी रहेछ । बाल अस्पतालमा जँचाउन लगेको त त्यहाँ त्यही भागेकी छोरी भेटिई । ऊ आमा बनिसकेकी रहिछ । उसले मलाई चिनी र मैले पनि उसलाई चिनेँ । मलाई चेत भयो- मलाई कथाको अन्त्य चाहिएको छ ।

त्यसैले सोधेँ, "यो कसको ?" मानौँ उही हो कथाको अन्त्य र ऊ आमाको काखमा आनन्दले सुतेको छ ।

"यो उसैको हो । अंकलले लेखिदिएको लभ लेटरवाला ।"

"तिम्रा बाबाले माने ?" मैले थप सोधेँ । मानौँ कथाको खलपात्र उही नै थियो, भागेकी छोरीको बाबा ।

"बाबाहरू अहिले कहाँ हुनुहुन्छ ?"

"हामी सबै सँगै छौँ । ...हस् त म लागेँ । बाहिर उहाँ कार लिएर आउनुभो होला ।"

बाहिर कार लिएर आएको उहाँभन्दा उहाँले ड्राइभ गरेर आएको कारलाई बढी महत्त्व दिएको ध्वनित थियो । होस्, कथा नै त्यस्तो लेखेछु, कार नायक भइदियो, अब के लाग्छ ??

अन्त्य नै खल्लो भइदियो । कार कुन मोडेलको हो ? कति पर्छ ? इभी हो ? क्यास डाउन पेमेन्ट गरेर किनेको हो कि किस्ताबन्दीमा ? झमेला छ । लेख्न नहुने, यस्तो कथा लेखियो ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।

**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ